

# अध्ययन प्रतिवेदन

## विद्यालय ड्रप आउटहरूको दैनिक दिनचर्या र पुनः विद्यालय जान सीमित गर्ने कारणहरु

नीति, शिक्षण र रणनीति टोली
यू.एम.एन., सन् २०१८

यूनाईटेड मिसन टु नेपाल
UMN

INTERACT
Region Asia

**लेखक तथा अनुसन्धान टोली**

कविन महर्जन, अनुसन्धान र शिक्षण सल्लाहकार, नीति  शिक्षण र रणनीति टोली
मधु कुमार थापा, टीम नेता, नीति  शिक्षण र रणनीति टोली
प्रेम सिंह सिन्तान, टीम नेता, शिक्षा टोली
जिवन कार्की, कार्यक्रम विकास संयोजक
जुलियन भान्डर नोर्ड, कार्यक्रम विकास सल्लाहकार

**नेपाली अनुवाद**

धनेज थापा
dhanejthapa@hotmail.com

**सम्पादन**

काइली कोल्विली

**डिजाइन र कभर फोटो**

रमेश मान महर्जन

**अध्ययन सहयोग**

इन्टऱ्याक्ट एसिया

**प्रकाशक**

यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.) थापाथली,
काठमाडौं, नेपाल
पोष्ट बक्स १२६
फोनः ९७७ ०१ ४२२८ ११८, ४२६८ ९००
फ्याक्सः ९७७ ०१ ४२२५ ५५९
वेब साइटः www.umn.org.np
इमेलः umn@umn.org.np

**Citation**

United Mission to Nepal (UMN). (2018). *The Everyday Life of School Dropouts and the Factors Limiting their Re-enrollment. Kathmandu, Nepal: UMN*

© UMN June, 2018

# आभार

यो अध्ययन कार्य इन्टऱ्याक्ट एसियाको आर्थिक सहयोग बिना सम्भव थिएन । यस अध्ययनको खाका तयार गर्दा उलेख्य सहयोग गर्नुहुने सहकर्मी साथी जीवन कार्की, कार्यक्रम विकास संयोजक र श्री जुलियन वान्डर नोर्ड, कार्यक्रम विकास सल्लाहकारलाई विशेष धन्यवाद दिन्छौं । हामी डाटा संग्रहमा प्राबिधिक र व्यवस्थापकीय सहायताको लागि कपिलवस्तु क्लस्टर र डीएसडीसी पार्टनर र धादिङ क्लस्टर तथा सीआईआरडीयस पार्टनरलाई हाम्रो कृतज्ञता देखाउन चाहन्छौं । यस्तै अध्ययनको क्रममा आफ्नो अमुल्य समय र जानकारी प्रधान गर्नु हुने सम्पूर्ण सहभागीहरु प्रति कृतज्ञ छौं ।

**नीति शिक्षण र रणनीति टोली तथा शिक्षा टोली**
**यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.)**

# सामग्रीको तालिका


१. परिचय ........ १
२. अनुसन्धान प्रश्नहरू ........ ३
३. अध्ययन विधिशास्त्र ........ ४
३.१ अध्ययन क्षेत्र ........ ४
३.२ अनुसन्धान ढांचा ........ ४
३.३ नमूना आकार, मापदण्ड र प्रक्रिया ........ ५
३.४ डाटा विश्लेषण ........ ६
३.५ अनुसन्धान नैतिकता र ट्र्याङ्गुलेसन ........ ७
३.६ अध्ययन सिमांकन ........ ८
४. अन्वेषण र छलफल ........ ९
४.१ सहभागीहरुकको आधारभूत शिक्षा ........ ९
४.२ ड्रप आउटको दैनिक जिवनचर्या ........ ९
४.३ विद्यालय छोड्ने निर्णय प्रतिको दृष्टिकोण ........ ११
४.४ ड्रप आउटको कारणले छुटेका अवसरहरु ........ १३
४.५ पुनः विद्यालय भर्नाको निर्णय ........ १३
४.६ पुनः विद्यालय जान सीमित गर्ने कारणहरू ........ १४
४.६.१ ड्रप आउटको कारण ........ १४
४.६.२ पुनः विद्यालय भर्ना हुन लाज मान्नु ........ १५
४.६.३ व्यवसायमा आबद्धता अथवा रोजगार ........ १५
४.६.४ लैङ्गिक विभेदलाई सहयोगी सामाजिक संरचना ........ १५
४.६.५ आधारभूत शिक्षा प्राप्त ........ १६
४.६.६ आर्थिक कारण ........ १६
४.६.७ सहकर्मी प्रभाव ........ १७
४.६.८ बच्चाहरूको उच्च अपेक्षा ........ १८
४.६.९ शिक्षाको सीमित सम्भावना तथा नौकरीसंग मात्र जोड्ने प्रबृत्ति ........ १९
४.६.१० सीमित भौतिक पूर्वाधार ........ १९
४.६.११ परिवारमा भाइबहिनीहरूको संख्या ........ २०
४.६.१२ गैर जिम्मेवार घरमुली र अस्तव्यस्त घर ........ २०
४.७ अनौपचारिक शिक्षा र प्रशिक्षण ........ २०
५. निष्कर्ष ........ २१
६. प्रभाव र सिफारिस ........ २३
७. सन्दर्भ सामाग्रीहरु ........ २५

# तालिका सूची

तालिका १. विद्यालय छोडेका किशोरकिशोरी र युवाहरूको पृष्ठभूमिको आधारमा प्रतिशत विवरण ........ २
तालिका २. नमूनाको वर्गिकरण........ ५
तालिका ३. विश्लेषण ढाँचा ........ ७
तालिका ४. विद्यालय छोड्ने निर्णय प्रतिको दृष्टिकोण........ १२
तालिका ५. पुनः विद्यालय भर्ना प्रति दृष्टिकोण........ १४
तालिका ६. किशोर किशोरी ड्रप आउटका केसहरु........ १६
तालिका ७. प्राप्त गरेका अनौपचारिक शिक्षाको विभिन्न प्रकार ........ २०

# १. परिचय

नेपाली शिक्षामा भएका संरचनात्मक सुधार तथा अन्य प्रयासले नेपालका विद्यालयहरुमा किशोर किशोरीहरूको[१] संख्या उलेख्य रुपमा बृद्धि भएको छ । राष्ट्रिय साक्षरता दरको प्रगति (५ वर्ष र माथि उमेरका व्यक्तिहरूको लागि) २०११ मा ५४.१ प्रतिशत बाट बडेर ६५.९ प्रतिशत (Census, 2011) भएको छ । तथापि, यो उपलब्धिलाई निरन्तरता दिनु पनि आजको चुनौती हो ।

उमेर समूह र लिङ्गका हिसाबले बालबालिकाहरूको गणना गर्ने नेपाल बहुसूचक क्लस्टर सर्वेक्षणले (MICS) केटाहरुको तुलनामा केटीहरू विद्यालय बिचमै छोडेको तथ्यांक देखाउछ (CBS and UNICEF 2014) । त्यसैगरी, नेपाल किशोर किशोरीहरू तथा युवा सर्वेक्षण २०१०-११ को तलको तालिका १ अनुसार, एसएलसी वा उच्च शिक्षाको तुलनामा १-१० कक्षाको अवधिमा बढी किशोर किशोरीहरूले विद्यालय छाडेका स्पष्ट देखिन्छ । विद्यालय छोड्ने दर ग्रामीण क्षेत्रहरूमा उच्च छ । सबै तहमा शहरी क्षेत्रहरु भन्दा ग्रामिण क्षेत्रमा विद्यालय छोड्ने दर बढी छ । भौगोलिक र पारिस्थितिकीय क्षेत्र अनुसार, ६-१० (MoHP 2012) कक्षामा यो दर उच्च छ । यस्ता तथ्यांकले पनि विद्यालय छोड्ने समस्याको भयाबह अवस्थालाई दर्शाउछ ।

१ नेपाल सरकारको अनुसार (१०-१९) वर्षको उमेरका मानिसहरु (प्रारम्भिक किशोरता (१०-१४) र पछिल्लो (१५-१९)

तालिका १. विद्यालय छोडेका किशोरकिशोरी र युवाहरूको पृष्ठभूमिको आधारमा प्रतिशत विवरण

| विशेषता | ग्रेड अनुसार पुरुष | | | | ग्रेड अनुसार महिला | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १-५ | ५-१० | SLC र माथि | जम्मा | १-५ | ६-१० | SLC र माथि | जम्मा |
| उमेर | | | | | | | | |
| १०- १४ | ६७.२९ | ३१.८० | ०.९१ | १०० | ८३.५३ | १६.४७ | ०.०० | १०० |
| १५- १९ | २९.८२ | ५८.०८ | १२.१० | १०० | २७.८६ | ५७.८३ | १४.३३ | १०० |
| ग्रामिण शहर | | | | | | | | |
| ग्रामिण | २६.७९ | ५२.६५ | २०.५६ | १०० | २७.८१ | ५३.०८ | १९.११ | १०० |
| शहर | १६.२३ | ५१.४५ | ३२.३२ | १०० | १८.२४ | ५०.३२ | ३१.४३ | १०० |
| पारिस्थितिकीय क्षेत्र | | | | | | | | |
| हिमाल | ३६.०० | ५२.२३ | ११.७६ | १०० | ३२.६२ | ५९.५१ | ७.९७ | १०० |
| पहाड | २४.३० | ५०.८० | २४.९ | १०० | २५.०६ | ५४.४६ | २०.४८ | १०० |
| तराई | २३.५० | ५३.८३ | २२.६७ | १०० | २६.०७ | ४९.५८ | २४.३७ | १०० |
| नेपाल | २४.७२ | ५२.४२ | २२.८६ | | २५.९९ | ५२.५५ | २१.४५ | |
| माथिको प्रतिशतले १०-१९ वर्ष संगै २०-२४ उमेर समूहको पनि डेटा समावेश गर्दछ | | | | | | | | |
| स्रोत: नेपाल किशोर किशोरी र युवा सर्वेक्षण, २०१०-२०११ | | | | | | | | |

धेरै जसो अध्ययन अनुसन्धानले कसले विद्यालय छोड्छन् ? किन छोड्छन् र छोड्नुको सामाजिक आर्थिक तथा सांस्कृतिक कारण र त्यसको न्यूनीकरण जस्ता विषयमा केहि खाका दिएका छन् । तर विद्यालय छोडेपछि किशोर किशोरीहरू के गर्छन् ? कसरी फेरी विद्यालय फर्काउन सकिन्छ, विद्यालय फर्कने क्रममा कस्ता कठिनाई भोगिरहेका हुन्छन् भन्ने जस्ता विषयमा धेरै कम अध्ययन भएका छन् (Hunt,2008; MoE, UNICEF and UNESCO, 2016) ।

यूनाइटेड मिसन टु नेपालको[२] शिक्षा टोलीले बाल अधिकारमा कार्यक्रम गर्दै आएको सन्दर्भमा संस्थागत आवश्यकता अनुसार यो अध्ययनले यस विषयमा देखिएको हालको सूचना तथा ज्ञानको कमिलाई पूर्ति गर्नेछ । यो अनुसन्धानको प्रतिफलले बाधाहरुलाई पहिचान गर्न र पुन: विद्यालय फर्कने अवसरहरू पहिचान गर्न मद्दत गर्नेछ । साथै, औपचारिक शिक्षाको कमिलाई कस्ता गैर औपचारिक शिक्षाले सहयोग गर्न सक्छन् र गरेका छन् भन्ने विषयमा पनि थप प्रष्ट हुन मद्धत गर्ने छ ।

२ यू.एम.एन. शिक्षा टोलीले ड्रप आउट समस्याहरू हल गर्ने हेतुले कार्यक्रम तय गर्न यो अनुसन्धान कार्य गरेको थियो ।

# २. अनुसन्धान प्रश्नहरू

**अनुसन्धान निर्देश गर्ने निम्न प्रमुख प्रश्नहरु**

- विद्यालय छोडेका किशोर किशोरीहरू हाल कहाँ छन् र तिनीहरू के गर्दै छन् ?
- उनीहरूको दैनिक जीवन कस्तो छ ?
- विद्यालय, कलेज र विश्वविद्यालयमा पुनः फर्किने प्रति तिनीहरूको मनस्थिति के छ ?
- उनीहरूलाई विद्यालय, कलेज र विश्वविद्यालयमा पुनः फर्किन कस्ता विशिष्ट कारकहरूले भूमिका खेलिरहेका छन् ?
- के विद्यालय छोडेका किशोर किशोरीहरुले हाल गैर औपचारिक[३] शिक्षा मार्फत आफ्नो ज्ञान र दक्षता बढाएका छन् ?

३ औपचारिक शिक्षा प्रणाली बाट बन्चित व्यक्तिहरूको ज्ञान र दक्षता बढाउनको लागि दिईने शिक्षा हो

# ३. अध्ययन विधिशास्त्र


## ३.१ अध्ययन क्षेत्र

कपिलवस्तु र धादिङ जिल्लामा उच्च ड्रप आउट दर देखिएको कारणले अध्ययन स्थलको रूपमा चयन गरिएको थियो। ड्रप आउट दरका हिसाबले कपिलवस्तु शीर्ष ९ जिल्लामा पर्दछ। नेपालको २०११ जनगणना अनुसार कपिलवस्तुको ड्रप आउट दर, बिशेष गरि ५-१२ वर्षको उमेर बच्चाहरुको २१.५% छ। तुलनात्मक हिसाबले धादिङमा कम ड्रप आउट दर (९.४५) देखिन्छ। तथापि, दुवै जिल्लाहरू उस्तै चुनौतीहरूको सामना गरिरहेका छन्। यी माथिका प्रतिशतहरूलाई वास्तविक संख्यामा परिवर्तन गर्दा ५-२५ वर्षको उमेरको विद्यार्थीको[४] ड्रप आउट कपिलवस्तुमा १,०३,६२४ जना र धादिङ जिल्लामा ३८,२०८ जनाको हाराहारीमा छ। दुवै जिल्लामा ६०% भन्दा अधिक महिलाहरु छन्।

यी क्षेत्रहरुमा उच्च ड्रप आउट दरको अतिरिक्त, यू.एम.एन.को क्लस्टर कार्यालय भएको हुनाले स्थानीय समस्यालाई गहिरोसंग बुझ्न र अध्ययनको गुणस्तरलाई सुनिश्चित गर्न मद्धत मिल्नेछ। संगसंगै, अध्ययन लागत कम हुनुको साथै अयोजना कार्यन्वयनमा पनि थप सहयोग मिल्नेछ।

## ३.२ अनुसन्धान ढांचा

यस अध्ययनले विद्यालय कतिले छोडे, उनीहरू कहाँ छन् र कतिले के गर्दैछन् भन्दानि ती कहाँ छन् र तिनीहरुको दैनिक जिवनचर्या कसरी बितिरहेको छ भन्नेमा केन्द्रित छ। अनुसन्धानले संख्यात्मक जानकारी बुझ्न खोज्नु भन्दानि, ड्रप आउटहरू पुनः किन विद्यालय फर्किन सकेका छैनन् र के त्यस्तो विशिष्ट कारणले पुनः विद्यालय जान बाट बन्चित गरिराखेको छ




४ विद्यालय वर्षको समय बच्चाहरू विद्यालय गएनन् भने नजाने सूचीमा राखिन्छ। विद्यालय नजाने बच्चाहरु तथा अझै पनि विद्यालय विद्यालय भर्ना हुन नपाएका बच्चाहरु दुवै यस सूचीमा पर्छन्

भन्ने विषयमा थप प्रष्ट्याउन खोजेको छ. । त्यसैले स्टेक (२००६) को बहु मामला अध्ययन अनुसार कसरी र किन विद्यालय छोडछन् र पुनः फर्किदैनन् अथवा फर्किन सकेका छैनन् भन्ने अवधारणालाई अनुसन्धान ढांचाको रुपमा प्रयोग गरिएको छ । विभिन्न परिस्थिति अनुरुप देखिएका विद्यालय छोड्ने प्रवृतिलाई बुझ्न यो बहुविधि अध्ययनमा विभिन्न प्रकारका घटनाहरू समावेश छन् जुन उमेर, लिङ्ग, र सामाजिक–आर्थिक परिवेश अनुसार भिन्न छन् ।

## ३.३ नमूना आकार, मापदण्ड र प्रक्रिया

तालिका २: नमूनाको वर्गिकरण

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| धादिङ | ४ | ८ | १२ |
| कपिलवस्तु | ३ | ८ | ११ |
| जम्मा | ७ | १६ | २३ |

नमूना आकार डेटा संतृप्ति अवधारणाको आधारमा निर्धारण गरिएको थियो । डेटा संतृप्ति त्यसबेला पुग्छ, जतिबेला नयाँ जानकारी र सुचना आउदैन र दोहोरिने प्रक्रिया सुरु हुन्छ, तथा प्राप्त जानकारीको थप कोडिङ सम्भव छैन (Guest et al., 2006) । त्यस्तै संकलित सूचनाका परिधिमा बस्दा अनुसन्धानलाई पुनः गर्दा पनि सोहि परिणाम प्राप्त हुन्छ (Marshall, 1996; Fusch & Ness, 2015) ।

यस अध्ययनमा, प्रत्येक उत्तरदाताहरुसंगको अन्तरक्रिया पछि एक ढाँचा देखिएको थियो । सो संकलित सुचना र जानकारीलाई प्रत्येक दिनको अन्त्यमा समीक्षा गरिएको थियो । यसको आधारमा थप नमुनाको आवस्यकताको निर्क्योल हुन्थ्यो । पुरुषको हकमा सातौं नमुना पछि थप नयाँ जानकारी प्राप्त भएन भने माहिलाको हकमा केहि नौलो कुराहरु आइरहेका थिए । कपिलवस्तुमा महिलाको घरको काममा बढी ब्यस्त थिए जबकि धादिङका महिलाहरु आय आर्जनमा केन्द्रित थिए । यसको अलावा, कपिलवस्तुमा केही महिलाहरू परीक्षामा असफल भएकोले र केहिले परीक्षा पास गरिसके पछि पनि विद्यालय छोडेको पाईयो । यसरी निरन्तर विपरित जानकारी प्रत्येक अतिरिक्त उत्तरदाताको चयनसंगै प्राप्त भएकोले १६ औं नमुनासम्म जानुपर्यो । तत् पश्चात सूचनाहरु दोहोरिन थालेको थियो, र कुनै थप कोडिङको आवस्यकता परेन । यसैले, यस अध्ययनको लागि जम्मा २३ उत्तरदाताहरु लिईएको थियो (तालिका २ मा नमूनाको ब्रेकडाउन हेर्नुहोस ।

**निम्न मापदण्डका आधारमा अध्ययनको लागि नमूना चयन गरिएको थियो:**

- विद्यालय छोड्दा किशोर–किशोरीको उमेर (१०–१९ वर्ष) भित्र परेका उत्तरदाता छनोट गरिएका छन् । त्यसैले डेटा संग्रहको दौरान, उत्तरदाताहरूको उमेर यस भन्दा माथि पनि हुन सक्छ (दोस्रो मापदण्ड हेर्नुहोस) ।
- जब तिनीहरू यो अध्ययनको लागि छनोट गरिएका थिए, उनीहरूले विद्यालय छोडेको समय एक वर्ष भन्दा कम थियो । हालसालै विद्यालय छोडेकाहरू भन्दा यस्ता उत्तरदाताहरु धेरै कुराहरुमा संलग्न भएको र धेरै चुनौतीहरु सामना गरेको हुन सक्छन् र यस परिदृश्यले ड्रप आउट किन पुन: विद्यालय फर्कनन् भन्ने स्थितिको राम्रो तस्वीर दिन्छ ।
- पूर्व निर्धारित मापदण्डका आधारमा सही उत्तरदाता चयन गर्न पर्पोसिभ र स्नो बल नमूना विधि प्रयोग गरिएको थियो । भिन्न सामाजिक समूहहरू, अनुभवहरू वा भूमिकाहरूलाई प्रतिनिधित्व गर्ने उद्देश्यले यस नमूना विधिद्वारा सदस्यहरू छानिएको थियो ।

## ३.४ डाटा विश्लेषण

अध्ययनको लागि प्राथमिक डेटा संग्रह अर्ध-संरचित, गुणात्मक साक्षात्कार विधि प्रयोगद्वारा संकलन गरिएको थियो । उत्तरदाताले दिएको जानकारीलाई पछ्याउदै अनुसन्धानकर्ताले नयाँ र भिन्न प्रश्न थप्दै जाने विधि प्रयोग गरेर अध्ययनको गहिराइमा प्रवेश गर्ने प्रयास गरियो (Arthur & Nazroo 2003) । यो प्रकारको साक्षात्कार, व्यक्तिको दृष्टिकोण, अनुभव र अवधारणा बुझ्नको लागि उपयुक्त तरिका हो । अनुसन्धानकर्ताले जवाफमा प्रभाव पर्न नदिन ड्रप आउटलाई गलत वा सहिको रुपमा नालिकनै तटस्थ रुपमा बसेर उत्तरदातालाई निस्फिक्री ढंगले विद्यालय छोड्ने उनीहरुको निर्णयमा आफना आफ्ना विचार राख्न दिईएको थियो ।

डेटा चारवटा विस्तृत विषयहरू अन्तर्गत एकत्रित गरिएको छ क) ड्रप आउटको दैनिक जीवनलाई बुझ्न, ख)विद्यालयमा पुन: फर्किन बाधक रहेका विशिष्ट कारणहरु पहिचान ग) पुन: फर्किनु प्रति उनीहरूको मनोवृत्ति घ) अनौपचारिक शिक्षामा आवद्ता । यसको अतिरिक्त, खोजको विश्लेषण गर्न विभिन्न द्वितीय स्रोतहरुको अध्ययन सामाग्री समीक्षा गरियो ।

प्राथमिक डेटालाई अंग्रेजीमा अनुवादित र व्यवस्थित गरियो । विश्लेषण विधि गुणात्मक विषयगत विश्लेषण विधि थियो । विषयगत विश्लेषणमा, मुख्य विषयवस्तुहरू छनोट, अनुक्रमित र विषयहरू अनुसार क्रमबद्ध गर्दै डाटा प्रोसेस गरिएको थियो । यो एउटा व्यवस्थित दृष्टिकोण प्राप्त गर्नको लागि डेटाको आवधिक ढांचा पत्ता लगाउने तरिका हो (Ritchie, Spencer & O'Connor 2003) । त्यसैगरी अनुसन्धान प्रश्नको बारेमा जानकारी पत्ता लगाउनको लागि, विश्लेषणले डाटा सेटबाट निम्न जानकारी सङ्कलन गर्ने प्रयास गरियो ।

तालिका ३: विश्लेषण ढाँचा

| अनुसन्धान प्रश्नहरू | विश्लेषण फ्रेम गर्ने प्रश्नहरू |
|---|---|
| ➲ ड्रप आउटको दैनिक जीवनलाई बुझ्ने | ➲ के तिनीहरू उत्पादक र स्वस्थ जीवन बिताइरहेका छन् ?<br>➲ के तिनीहरू बाल श्रममा प्रयोग भैरहेका छन् ?<br>➲ के आफ्नो जीवनको लक्ष्य पछ्याउन बाधाहरू सामना गर्दैछन् ?<br>➲ कस्तो किसिमको जोखिम र कमजोर स्थिति सामना गर्दैछन् ? |
| ➲ विद्यालयमा पुनः फर्किन बाधक रहेका विशिष्ट कारकहरू पहिचान | ➲ कस्ता प्रभावकारी र ब्यक्ति संस्था तथा एजेन्सीहरूले उनीहरूको पुनः विद्यालय फर्कने बाटो संकुचित गर्दछ ?<br>➲ विद्यालय फर्कने बाटो संकुचित गर्ने प्रमुख घटनाहरू वा घटनाहरूको श्रृंखला कुन हो ? |
| ➲ पुनः विद्यालय फर्कने प्रति को आकर्षण तथा धारणा | ➲ उनीहरूले व्यक्तिगत रूपमा पुनः विद्यालय फर्कन कति उत्प्रेरित छन् ?<br>➲ उनीहरूको त्यो निर्णय कसरी महसुस गर्छन ?<br>➲ उनीहरूको पुनः विद्यालय फर्कने प्रति कस्तो सोच छ?<br>➲ तिनीहरूले कस्ता मौकाहरू गुमाएका छन् ?<br>➲ पुनः विद्यालय फर्कने प्रति तिनीहरूको प्रयास । |
| ➲ गैर-औपचारिक शिक्षामा संलग्नता | ➲ के तिनीहरू आफ्नो ज्ञान र क्षमता बढाउन अनौपचारिक शिक्षा लिइरहेका छन् ?<br>➲ अनौपचारिक शिक्षा छ वा उनीहरुले गरिरहेको कामले क्षमता अभिबृदी गरेको छ ? |

## ३.५ अनुसन्धान नैतिकता र ट्र्याङ्गुलेसन

यस अध्ययन गर्दा अनुसन्धान नैतिकतालाई प्राथमिकतासाथ पालना गरिएको थियो । उदाहरणका लागि, ड्रप आउट किशोर-किशोरीरहरू जसले आधारभूत र औपचारिक शिक्षा पूरा गरेनन्, उनीहरु सार्वजनिक रूपमा चिनिन चाहँदैनन् । यसैले, उत्तरदाताको पहिचानलाई गोप्य नै राखिएको थियो र अनुसन्धान प्रतिवेदनमा एक अन्य नाम प्रयोग गरिएको छ । त्यसै गरी अध्ययनको विश्वसनीयता बढाउनको लागि फिल्ड अध्ययनका क्रममा डाटा सङ्कलन धेरै स्रोतहरूबाट लिईएको थियो । उदाहरणका लागि, एक पुरुष उत्तरदाताले विद्यालय छोड्नुलाई आर्थिक कारणसंग जोडे तर जीविकोपार्जनको प्रश्न सोद्धा उनी आफ्नो बुबाको मिल व्यवसायमा संचालन गर्दै बसीरहेका थिए । अलि अन्य उनका समकालीन साथीहरुसंगको अन्तरक्रियाबाट भने नयाँ कुरा खुल्न आयो । उनी आफु आर्थिक अवस्थाको कारण भन्दा पनि

अन्तिम परीक्षामा उतीर्ण हुन नसकेपछि पुनः सोहि कक्षामा बस्न लाज लागेर छोडेको पाईयो । सक्दो सही जानकारी प्राप्तिको लागि फिल्डका यस्ता डाटालाई सकेसम्म दोहोरो जाँच गर्ने कार्य गरिएको थियो ।

## ३.६ अध्ययन सिमांकन

- अनुसन्धान गर्दा उत्तरदाताको उमेर १८ बर्ष वा माथि उमेरको चयन गरिएकोले बालबालिकाको पुनः विद्यालय फर्किन नसक्ने बिभिन्न सन्दर्भहरु नसमेटिन सक्छ ।
- यद्यपि ड्रप आउटको परिवारका सदस्यहरूको विचारले प्रत्येक तहका सन्दर्भ बुझ्न योगदान गर्नेछ, तथापि सीमित संसाधन र समयको कारणले अध्ययनले विस्तारित परिवारहरुसंग परामर्श गरेको छैन ।
- विशेषत ड्रप आउट विफलता र व्यक्तिगत असक्षमतासंग सम्बन्धित भएकोले केहि उत्तरदाताहरू पूर्ण रुपमा आफ्नो कुरा खोल्न नचाहेकोले उनीहरुको बृस्तृत कथा सामबेश गर्न सकिएको छैन ।

# ४. अन्वेषण र छलफल

## ४.१ सहभागीहरुकको आधारभूत शिक्षा

समग्रमा २३ जना विद्यालय छोडेका किशोर-किशोरीहरु (बृस्तृत तालिका २ मा ) लाई प्रश्न सोधिएको थियो । उनीहरु १८ देखि २५ बर्ष सम्मका थिए । मुख्यतः ड्रप आउटहरुको २ किसिमको अवस्था देखियो १.) परीक्षामा असफलता अनि विद्यालय छोड्ने २.) परीक्षा उतिर्ण हुनुका बाबजुत पढाईलाई निरन्तरता नदिएको । दुई तिहाई भन्दा धेरै उत्तरदाताहरु परीक्षामा असफल भए पश्चात् विद्यालय छोड्ने थिए । न्यूनतम ४ कक्षा भने सम्पुर्णले पुरा गरेका थिए । त्यसैगरी धेरैजसोले ८-११ अथवा १२ उतिर्ण पश्चात् छोडेका थिए । उत्तरदाताहरु मध्य सबैभन्दा धेरै ७ बर्ष र थोरैमा न्यूनतम १० महिनाको[५] विद्यालय छोड्ने अन्तराल रहेको देखिएको थियो ।

## ४.२ ड्रप आउटको दैनिक जिवनचर्या

बिशेषत, यो सेक्शनले ड्रप आउट किशोर-किशोरीहरु आफ्नो दैनिकी दिनचर्या के गर्दै र कहाँ बिताउदै छन् भन्ने कुराहरु खोज्ने प्रयत्न गर्छ । उनीहरुले गर्ने कार्यलाई २४ घण्टाको पात्रोमा चित्रण गरिएको थियो । कपिलवस्तु जिल्लाको पुरुष ड्रप आउटहरु परिवारिक व्यवसाय जस्तै मिल, पान पसल, चिया पसल खुद्रा पसलमा आवद्ध थिए । केहि पुरुषहरु बिहानै ६ बजे देखि व्यवसायमा ब्यस्त हुन्थे भने केहि बिहानको खाना पछि ९-१० बजे मात्रै काममा जान्ने गर्दा रहेछन् । राति सम्म काम गर्नेहरुको भने बिहान देखि बेलुका सम्मको खानपान पसलमानै हुने गर्दछ । जसले ५-६ बजे नै आफ्नो व्यवसायको काम सक्छन्, उनीहरु भने विभिन्न कार्य जस्तै टिभी हेर्ने, इन्टरनेट प्रयोग गर्ने, साथीहरुसंग गफगाफ गर्ने गर्दारहेछन् । समग्रमा उनीहरुको भूमिका परिवारिक व्यवसायमा सहयोगीको भूमिका निर्वाह गर्ने भएपनि एकाधमा भने आफैले नेतृत्व गर्ने र ब्यवस्थापन गर्ने कार्य गरेका छन् ।

तथापि ड्रप आउट किशोरीहरु भने आफ्नै घरका दैनिक कार्यहरुमा सक्रिय थिए । अझ, विद्यालयमा प्रथम[६] हुने किशोरीपनि विद्यालय छोडे पश्चात घरायसी चुलो-चौकोमा ब्यस्त थिइन् । उनीहरुको दैनिकी बिहानको ५-६ बजेबाट सुरु हुन्छ । प्रयास बिहानको चियापछि, उनीहरु घरको सरसफाई, पानी ल्याउने, घाँस काट्ने, गाईवस्तुलाई खुवाउने, खाना पकाउने,

५ ड्रप आउटको अवधि साक्षात्कारको बेला न्युनतम एक वर्षको अंतर राखिएको थियो । यस अवधिमा उनीहरुले विभिन्न परिस्थितिको सामना गरेर पारिस्थितिको राम्रोसंग विश्लेशण गर्न सक्छन्न भनेर सोचिएको थियो । एक जना सहभागिको १० महिना मात्र अन्तर थियो तर उनी धेरै कार्यहरुमा आवद्द भएकोले समबेश गरिएको थियो । त्यसैले यसलाई अनिवार्य मापदन्डको रुपमा लिईएको छैन ।

६ गाउँको विद्यालयको ७० देखि ८० विद्यार्थीहरू बीच एसएलसी परीक्षामा उच्चतम अंक हासिल ।

सपरिवारलाई खाना खुवाउनमानै ब्यस्त हुन्छन् । खाना १० बजे खाएपछि भाँडाकुँडाहरु सफा गर्छन् । दिउसो यसो हेर्दा खाली देखिएपनि उनीहरुले उपलब्धि पूर्ण रुपले प्रयोग गर्न सकेका छैनन् । उनीहरु साना-साना तर सृजनसिल उत्पादन उपज जस्तै बास्केट, स्विटर, टेवल कवर, बुन्ने कार्य गरेपनि ब्यवसायीकरण भने गर्न सकेका छैनन् । केही महिलारू भने गाईवस्तुलाई खुवाउने र खेतालाहरुलाई खाजा तयार पार्ने र खेतमा पुऱ्याउने अथवा साना भाईबहिनी हेर्ने कार्यमै व्यस्त हुन्छन् । अन्य केहि महिलाहरु भने दिनको समयमा सुत्ने, टीबी हेर्ने र ईन्टरनेट चलाउने पनि गर्दछन् । बेलुका ५ बजे पछि भने प्रायस महिलाहरु खाना पकाउन तिर ताल्लिन देखिन्छन् । करीब ११ बजे सम्म भाँडाकुँडा सफा गर्नमै गएको हुन्छ । यद्यपि यस्ता कार्यको आफ्नै अप्रत्यक्ष आर्थिक महत्व भएपनि ती किशोरीहरुको व्यक्तित्व विकास र भविष्यको प्रगति प्रति कुनै देन हुदैन । केही किशोरीहरु भने त्यसपछि टीभी हेर्ने, कोहि भने सिधै सुत्ने र केही भाईबाहिनीलाई विद्यालयको गृहकार्यमा गर्नमा सहयोग गर्छन् । कोही कोही भने सुत्नु अगाडी परिवार सदस्यहरुसंग भलाकुसारी गर्ने तथा छिमेकीसंग गफ गर्ने पनि गर्दछन् । घरको काम पछि उनीहरु सारा दिन यस्ता कार्यमा बिताउँछन् ।

धादिङ जिल्लामा ड्रप आउट महिलाहरूको दैनिक तालिका पनि रोचक छ । कपिलवस्तु जिल्लाको महिलाहरूको तुलनामा उनीहरूले आय आर्जन गतिविधिमा बढी समय खर्च गरिरहेका देखिन्छन् । अझ उनीहरु दुवै जिल्लाको पुरुषहरु भन्दा बढी आय आर्जन गतिविधिमा संलग्न छन् । केही महिलाहरू भने बहुकार्यमा व्यस्त छन् र तिनीहरूको दैनिक तालिकामा घरको कामहरू खासै समावेश हुदैन । यस श्रेणीका महिलाहरु सामान्यतया ६-८ बजे बिहान देखि नदीको किनारमा, ढुङ्गा र रोडा तथा बालुवा संग्रहमा संलग्न हुन्छन् जुन पछि निर्माण सामग्रीका लागि प्रयोग गरिन्छ । उनीहरु ट्रकमा सामग्री ढुवानीको लागि पनि लोड गर्छन् । सबै नाश्ता, दिनको भोजन, चिया र काम गर्ने स्थलमा नै खाने गर्छन् । उनीहरू राति ८ बजे थकित भएर घर फर्कन्छन् र खाना खाएसंगै सुति हाल्छन् । आश्चर्यजनक कुरा के छ भने यस प्रकारको काममा संलग्न व्यक्तिहरु मध्ये धेरै जसोले कमसेकम विद्यालय स्तर वा उच्च माध्यमिक तह पूरा गरेका छन् । यद्यपि, तिनीहरूको दैनिक समय तल्लो श्रेणीको काममा बितेको भएपनि कपिलवस्तु जिल्लाको महिलाको तुलनामा बढी उत्पादक कार्यमा संलग्न भएको स्पष्ट देखिन्छ । बिहानै ढिलो उठ्ने महिलाहरू भने घरको काममा सहायता गर्छन् र खाना पछि तिनीहरूको विभिन्न कार्य जस्तै शृंगार पसल नगद संकलक, कपडा पसलमा तथा स्कूलमा पढाउने कार्यमा लागेका देखिन्छ । अझ रोचक कुरा, केही महिलाहरु आफ्नो दिउसोको काम पछि पनि बेलुका, कपडा पसलमा लुगा पट्याउने, साना केटाकेटीहरुलाई थप ट्युसन क्लास लिने काममा आबद्ध हुन्छन् । तिनीहरू घर ढिलो पुग्छन् र रात्रिकालिन भोजन पछि केही समय गफ गरेर सुत्ने गर्छन् । समग्रमा हेर्दा कम कौशल र कम आय हुने कार्यमा लागेको भएपनि, उनीहरूको दैनिक जीवन व्यस्त र उत्पादक देखिन्छ । यी कार्यहरूले भविष्यमा पनि आफ्नो क्यारियर विकासमा केहि हदसम्म योगदान गर्ने देखिन्छ ।

तुलनात्मक रूपमा धादिङ जिल्लाका पुरुषहरू अनिश्चित खाले रोजगारीमा संलग्न छन् र उनीहरु यताउता घुम्दैमा दिन बिताई रहेका हुन्छन् । उनीहरु घर बनाउने, गाडी चलाउने, खलासी काम गर्ने तथा भूकम्पले क्षति भएका घरहरु भत्काएर सफा गर्ने जस्ता छोटो समयको काममा आबद्ध छन् । उनीहरु प्रायसः बिहान ६-९ बजे सम्म उठ्ने र कहिले काममा जाने त कहिले चिया पसलमा बसेर समय व्यतित गर्ने गर्छन् ।

यसो हेर्दा धादिङ जिल्लाका महिलाहरु तुलनात्मक रुपमा उत्पादक कार्यमा संलग्न भएको र यसले आय आर्जन वृद्धि हुनुका साथै भविष्यमा पनि आफ्नो क्यारियर विकासमा केहि हदसम्म योगदान गर्ने देखिन्छ । कपिलवस्तुको तुलनामा धादिङ जिल्लाको सामाजिक-सांस्कृतिक सन्दर्भमा खुकुलोपन हुनुलाई प्रमुख कारक मान्न सकिन्छ जसले महिलाहरु बाह्य र आय उत्पादन गतिविधिहरुमा संलग्न हुन पाएका छन् ।

समग्रमा हेर्दा कपिलवस्तुका महिलाहरु घरको चुलो-चौकोमा अनि धादिङ जिल्लाका पुरुषहरु साधारण घुमफिर र अस्थाई काममा संलग्न भएको देखिन्छ । उनीहरुले गर्ने कार्य पनि उनीहरुको अध्ययनसंग मेल खाने गर्दैन । यसो भनिरहदा यदि उनीहरुले पढाई पुरा गरेको भए अध्ययन गरेकै क्षत्रमा राम्रो काम गर्ने थिए भन्ने कुरा पनि सुनिश्चितका साथ भन्न सकिन्न । यस अध्ययनले विद्यालय छोडेका हिजोका किशोर-किशोरीहरुको हालको अवस्था र उनीहरुको दैनिक दिनचर्या तथा तत्कालिन अध्ययन गर्दाको समयको अवस्थाको मात्रको चित्रण गर्छ । तथापि, यो खुसीको कुरा होकि धेरै ड्रप आउट महिला पुरुषहरु कमसेकम साक्षर छन्, र केहिले आधारभूत शिक्षा प्राप्त गरेका छन् र केहिले उच्च माध्यमिक विद्यालयसम्म अध्ययन पुरा गरेका छन् ।

## ४.३ विद्यालय छोड्ने निर्णय प्रतिको दृष्टिकोण

विद्यालय छोड्ने निर्णयलाई अध्ययन गर्दा विविध दृष्टिकोण तथा मनोवृति भेटिन्छ । तालिका ४ ले सहभागीहरूको ड्रप आउटको दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ । धेरैले उनीहरूको निर्णय सकारात्मक रूपमा महसुस गरे तापनि बहुमतले यसलाई अफसोस माने वा अनिश्चित थिए । फेरी प्रश्न गर्दा उनीहरु राम्रो र स्थिर नोकरी प्राप्त गर्न सक्षम नभएका कारणले ज्यादातर आफु अफसोस महसुस गर्दै थिए । त्यस्तै जो आफु अनिश्चित थिए, उनीहरु भने आफ्नो विचार सालिन ढंगले र बिस्तारै राख्दै भने, “पढ्नु राम्रो हो र हामीले पढ्नु पर्थ्यो” यो समूहका व्यक्तिहरु शिक्षाले ठ्याक्कै के राम्रो गरेको छ भन्न नसकेपनि कमसेकम राम्रै गरेको अनुमान सहित आफ्नो अभिव्यक्ति दिदै थिए ।

तालिका ४ विद्यालय छोड्ने निर्णय प्रतिको दृष्टिकोण

| पछुतोपन | दुबिधा-अनिश्चित | सकरात्मक निर्णय |
|---|---|---|
| ७ | ६ | १० |

त्यस्तै विद्यालय छोड्नुलाई सकारात्मक रुपमा लिनेहरुले आफुलाई माथिल्लो औपचारिक शिक्षा आवश्यक नरहेको तर्क गर्दै चार किसिमका विचार पोखे क) भविष्यको लागि औपचारिक शिक्षा भन्दा पनि जिवन कौशल र प्रशिक्षणको आवस्यकता ख) उच्च अध्ययन जारी गर्नु अघि पहिले रोजगारी र आर्थिक रूपमा सक्षम हुनु पर्नेमा जोड ग) आर्जित शिक्षाले आय आर्जन र जीविकोपार्जनमा खासै प्रतिफल नदिएकोले पनि यस प्रति नैराश्यता र घ) न्यूनतम शिक्षा प्राप्त गरिसकेको र यो नै दैनिक जीविकोपार्जनको लागि प्रयाप्त रहेको बुझाई ।

कपिलवस्तु जिल्लाको दुई सहभागी महिलाहरुले यस्तो प्रतिक्रिया दिए, “पढेपनि भाँडा माझ्ने नपढ्ेनी भाँडानै माझ्ने हो” । शिक्षा प्रति उनीहरुको नकारात्मक मनोवृत्ति छ किनभने प्राय सबै महिला जति पढेपनि घरको कामलाई प्रमुख जिम्मेवारीका साथ निर्वाह गर्नु पर्थ्यो । त्यसैले पनि शिक्षाले खासै जिवनमा नयाँ आयाम थपेको महशुस गर्न सकेका छैनन् । १० कक्षा पढ्दापढ्दै छोडेकी कपिलवस्तुकी एक महिलाले विद्यालयको शिक्षालाई समय व्यथित गर्ने माध्यम र आफ्नो जीवनमा बेक्कार भएको प्रतिक्रिया दिएकी थिईन् । उनले भारतको एक कोरियोग्राफी कोर्स गर्न आफ्नो पढाई छोडेकी थिइन् र यसले औपचारिक शिक्षाले भन्दा भविष्यमा अझ राम्रो हुनेछ भन्ने कुरामा आशावादी रहेको जानकारी दिईन् । यद्यपि, उनले आधारभूत शिक्षाको पूर्णता पछि पनि नृत्य कोर्समा सामेल हुन सक्थिन् । उनीहरु आफ्नो पढाईलाई समय नदिकनै सो समयमा व्यवसायिक सोच भएको क्षेत्रमा तालिम र सिकाई लिनसकेको भए समयमै रोजगारीमा लाग्न सक्ने कुरा बताउछन् । त्यो परिश्रम र लगानी शिक्षामा भन्दा पेशागत तालिममा खर्च गर्दा बढी राम्रो परिणाम आउने निष्कर्ष छ । जब उनीहरु शिक्षा लिएरपनि बेरोजगार रहेको देख्छन् तब आफ्नो विद्यालय छोडेको निर्णयलाई सही रहेको निष्कर्ष निकाल्छन् ।

त्यस्तै जब उनीहरू आफ्ना सहपाठीहरूले उच्च शिक्षा लिएर महत्त्वपूर्ण पदहरूमा काम गरेको देख्छन् त्यसबेला भने उनीहरूको निर्णयमा अफसोस गर्छन् । त्यसैले, उनीहरु निरन्तर अरूसँग तुलना गरिरहेका हुन्छन् र वास्तवमा उनीहरूको व्यक्तिगत कुरा के हो भन्ने कुरामा स्पष्ट देखिदैनन् । समग्रमा, यो समूहले उनीहरूले पूरा गरेको शिक्षाले उनीहरूको जीवनमा कुनै महत्त्वपूर्ण योगदान नगरेकोले औपचारिक शिक्षालाई निरन्तरता दिनु भन्दा पनि व्यावहारिक, कौशलमा आधारित शिप सिक्नको लागी तयार छन् । उनीहरुको कुरा बाट के ठम्याउन सकिन्छ भने शिक्षा प्रति उनीहरुको दृष्टिकोण साँघुरो छ, । यदि शिक्षाले रोजगार ग्यारेन्टी गर्छ

भने मात्र यसलाई लिएको सार्थक ठान्छन् । शिक्षालाई बहुआयामिक परिप्रेक्ष्यमा हेर्ने कुरा जस्तै विचारको लागि योगदान, मानव मूल्य मान्यताको विकास, समस्या हलगर्न सक्ने तर्कसंगत निर्णय र रचनात्मक क्षमता विकासलाई नजर अन्दाज गरेको देखिन्छ । आलोचनालाई गहन हिसाबले हेर्ने हो भने माथिको दृष्टिकोणलाई नेपालको बर्तमान शिक्षा प्रतिको नैराश्यताको प्रस्फुटनको रुपमा लिन सकिन्छ । विद्यालय भनेको प्रतिष्ठित संस्था हो जहाँ विद्यार्थीले शिक्षा प्राप्त गर्छन् । यदि यस शिक्षाले विद्यार्थीको जिवनमा खासै योगदान दिएको महशुस गर्दैनन् भने त्यो शिक्षा प्रणालीमा ठुलो खाडल रहेको कुरा बुझ्न सकिन्छ । यसले बिशेषत ग्रामिण क्षेत्र जहाँ ड्रप आउट दर एकदम धेरै छ त्यस क्षेत्रमा ब्यवहारिक शिक्षा कसरी दिन सकिन्छ भन्ने मुख्य प्रश्न खडा गरेको छ ।

## ४.४ ड्रप आउटको कारणले छुटेका अवसरहरु

विद्यालय छोड्नाले केही किशोर किशोरीहरूको महत्वपूर्ण अवसर र जीवनका लक्ष्यहरू छुटेका छन् । जस्तै कि धादिङकी एक महिला सहभागीले स्नातक तहको पढाई नगरेको कारणले गाउँपालिकामा खुलेको अवसरलाई गुमाउनु परेको थियो । उनी मात्र १२ कक्षा मात्र उतीर्ण गरेकी रहिछिन् । उनीलाई लागेको थियो कि यो अवसर उनको लागि महत्वपूर्ण हुन सक्थ्यो । तर उनको कम योग्यताको कारणले आवेदन दिने असक्षम रहिन् । सोहि जिल्लाका एक पुरुष जसले कक्षा ८ मा पढाई छोडेका थिए । उनी सानो उमेरमा सेनाका अधिकारी बन्न इच्छुक थिए । पछि अपुरो पढाईकै कारण उनको सेनाको अधिकृत बन्ने सपना पुरा हुन सकेन । उनले भने, “म सानै देखि सेनामा भर्ती हुन चाहन्थे तर १० कक्षाको प्रमाण पत्र नभएकोले आवे दन दिन सकिन” । त्यहि कारणले उसले आफ्नो दोस्रो इच्छा, बैदेशिक रोजगारीमा पनि जान सकेको रहेनछ । यस्तै सोचाइ एक महिलामा पनि देखियो जो आफ्नो विद्यालयको क्रममा पढेको “एक सफल व्यवसायी महिला” विषय कथा आफैमा कल्पना गर्दैथिन् र कम पढाईको कारण आफ्नो सपना पुरा नहुनेमा दुःखी थिन् । यद्यपि यस्ता कथा कपिलवस्तुका सहभागीहरुले भने हामीसंग राखेनन् । केहिले पढाई निरन्तरता दिएको भए अलि ज्ञान बढ्ने, चलाख हुने र एक्लै पनि आयआर्जन काम गर्न सक्ने कुरालाई महशुस गर्दै थिए । केहि भने पढाईलाई शैक्षिक सत्रको बिचमानै छोड्नु परेकोले पछुतो मान्दै थिए । केहि सहभागी भने पढाई पुरा गरेको भएपनि खासै उलेख्य रुपमा सहयोग नगर्ने कुरामा ढुक्क देखिन्थे ।

## ४.५ पुनः विद्यालय भर्नाको निर्णय

विद्यालय छोडेकाहरुको पुनः विद्यालय भर्ना प्रक्रिया तथा भर्ना भएपछिको अवस्था सोचे जति सहज छैन । तालिका ५ ले सहभागीहरुको सो इच्छालाई प्रतिबिम्बित गर्छ । सिमित सहभागीहरु मात्रै पुनः विद्यालय जान इच्छुक थिए । यद्यपि इच्छा भएपनि पुनः भर्ना भने गरेका थिएनन् ।

तालिका ५ पुनः विद्यालय भर्ना प्रति दृष्टिकोण

| इच्छुक र केहि प्रयास गरेको | इच्छुक तर प्रयास खासै नगरेका | अनिच्छुक |
|---|---|---|
| ४ | ६ | १३ |

छ जना सहभागीहरू पुनः भर्ना गर्न इच्छुक थिए तर पनि उनीहरुले भर्नाको लागि कुनै प्रयास गरेका थिएनन् । करिब आधा भन्दा धेरै सहभागीहरुलाई पुनः भर्नामा कुनै चाख थिएन । यसो हेर्दा तालिका ४ र ५ आफैमा विरोधाभासपूर्ण देखिन्छन् । तर वास्तवमा भने त्यस्तो होइन । कुरा के भने वास्तविक अफसोसको सम्वन्ध सर्वथा ड्रप आउट र पुनः भर्नाको इच्छासंग नजोडिन पनि सक्छ ।

तथ्यांक अनुसार जो सहभागीहरु अलि पछुतो मान्थे, उनीहरुको उमेर तुलानात्मक रुपले अलि बढी थियो र उनीहरुले आर्थिक पहूच र आर्थिक स्वतन्त्रतालाई प्राथमिक रुपमा लिने गर्थे अथवा उनीहरुले न्यूनतम आधारभूत शिक्षा मात्र ग्रहण गरेका थिए । त्यस्तै, यदि उनीहरु परिवारको आयआर्जनको प्रमुख व्यक्ति हुन् भने पुनः विद्यालय जाने कुरा सम्भव देख्दैनन् र खासै सोचेका पनि हुदैनन् । उनीहरु औपचारिक शिक्षा भन्दा माथि आफ्नो दैनिकी पेशामा कटिबद्ध रहेर प्रगति गर्नमा तल्लिन छन् ।

## ४.६ पुनः विद्यालय जान सीमित गर्ने कारणहरु

पुनः विद्यालय जान सीमित गर्ने धेरै र बिभिद कारण छन् । प्रत्येक सहभागीको कथा आफैमा रोचक र बिशेष छ र यसलाई बुझ्न व्यक्तिगत परिस्थिति, सदर्भ र परिधिलाई तथा उनीहरुको हिच्किचाहटलाई पनि केलाउनुपर्ने हुन्छ । तालिका ६ र अनुच्छेद ४.६.१-४.६.२ ले विभिन्न यस्ता रोचक पक्षलाई उजगार गर्ने प्रयास गरेको छ. ।

### ४.६.१ ड्रप आउटको कारण

सामान्यतया पुनः विद्यालय नजानुको मुख्य कारण ड्रप आउटसंग नै सम्बन्धित छ । विवाहको केस १ र आर्थिक अभावको केस २ ले ड्रप आउट र पुनः विद्यालय नजाने समस्याहरू कसरी जोडिएको छ भन्ने कुरालाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्छ । उदाहरणका लागि, ड्रप आउट पछि उनीहरुको जिवनमा नयाँ परिवेश र घटनाक्रम देखिन थाल्छ जसले उनीहरुलाई फेरी विद्यालय जान कठिन अवस्था सृजना गर्छ ।

पहिलो केसमा विद्यालय छोड्नुको कारण विवाह रह्यो । विवाह पछि, महिलाहरु पुरुषको घरमा जानु पर्ने भएकोले आफ्नो पुरानो ठाउँको बिद्यालय जान गाह्रो हुन्छ । अझ बेहुलीले नयाँ घरको कामको जिम्मेवारी लिनु पर्छ, जसले गर्दा पनि नयाँ विद्यालयमा भर्ना हुन र पढ्न गाह्रो बनाउछ । त्यसो त चाडै आमा बन्ने चलनले पनि बच्चा हेरचाहरमा समय दिनुपर्ने कारणले इच्छा भएर पनि जान असमर्थ हुन्छन् । त्यस्तै केस २ मा लब्धांक पत्र नभएको कारणले पुनः माथिल्लो तहमा भर्ना हुन सकिनन् ।

### ४.६.२ पुनः विद्यालय भर्ना हुन लाज मान्नु

धेरै बर्षको अन्तर र एउटै कक्षामा २-३ चोटी आफु भन्दा सानाहरुसंग एउटै विद्यालयमा पढ्नुलाई उनीहरु लाजको प्रमुख कारण मान्छन् । केस ५ ले एक सहभागी कक्षा ८ मा फेरी भर्ना हुदाँ आफु भन्दा धेरै फुच्चे केटाकेटिसंग पढ्नु परेको अवस्थालाई दर्शाउछ । यसले उनीहरुमा हिनता भनौ अथवा लाजको अवस्था पैदा गर्छ र फेरी विद्यालय जाने चेस्टा गर्दैनन् ।

### ४.६.३ व्यवसायमा आबद्धता अथवा रोजगार

एकचोटी कुनै पेशा अथवा रोजगारीमा लागेर आयआर्जन गर्न थालेपछि उनीहरुको पढाईमा फेरी फर्कने इच्छा न्यून हुदै जान्छ । व्यवसायमा अथवा रोजगारीवाट आय लिन थालेपछि फेरी अध्ययनमा फर्कने रुचि कम हुनु र फेरी थप खर्च भार थपिने हुनाले सानो तिनो जागिर व्यवसाय गर्ने पनि फर्कन चाहदैनन् । केस ४ र ५ दुवैले यस कुरालाई नै प्रतिबिम्बित गर्छ । कोहि कोहि जो पढाईमा फर्कन चाहन्छन्, उनीहरु पनि राम्रो कमाई भएपछि मात्र फर्कने सक्ने कुरा गर्दै थिए ।

### ४.६.४ लैङ्गिक विभेदलाई सहयोगी सामाजिक संरचना

विशेष गरी कपिलवस्तुका महिलाहरुका लागि, सामाजिक संरचनाले पुनः विद्यालय भर्ना हुने संभावनालाई धेरै हदसम सीमित गर्दछ । महिलाहरूको लागि पुनः विद्यालय जान गाह्रो गर्ने मुख्य कुरा भनेको महिलालाई शिक्षामा न्यून प्राथामिकीकरण, महिलाको बाहिरी घुमफिरमा कडाई र एक्लै घुम्नमा बन्देज नै हुन् । यस्तै एक रोचक प्रसंग छ जसमा एक महिला एस.एल.सी. परीक्षामा सफल भईन् तर उनकी महिला मित्र भने भईनन् र उनीले एक्लै उच्च शिक्षाको लागि जान पर्ने भएपछि पछि हट्नु पर्यो । कोहि कोहि ड्रप आउट भने विद्यालय नगए पनि अन्तिम परिक्षा भने दिन जाने गर्थे । तर यसरी पढ्ने विद्यार्थीको स्तर र पढाईको गुणस्तर प्रति भने प्रश्न गर्न सकिन्छ । यस्ता धेरै उदाहरणहरु छन् जसमा यदि आमा बुवाहरुले विद्यालय पठाउन चाहे भने आर्थिक अवस्था, विद्यालय र दुरी खास बाधक देखिंदैन । यद्यपि लैङ्गिक हिसाबले हेर्ने हो भने एक्लै जानु पर्ने बाध्यताले धेरै हदसम्म आमा बुवालाई बहाना बनाउन मद्धत मिलेको छ । प्रायस महिलाहरुलाई विद्यालय जान अथवा पुनः भर्ना हुन कुनै न कुनै सामाजिक कारण बाधक देखिन्छ । कपिलवस्तुको हकमा आर्थिक भार प्रमुख कारण देखिएन भने धादिंङमा कुनै कुनै अवस्थामा देखिएपनि समग्रमा पुनः भर्ना हुन यो नै प्रमुख कारण थिएन ।

### ४.६.५ आधारभूत शिक्षा प्राप्त

केही सहभागीहरू भने आफुले पुरा गरेको आधारभूत शिक्षानै प्रयाप्त रहेको र यसले उनीहरूको साधारण जीवन यापन गर्नका लागि पुग्नेमा ढुक्क थिए । प्राय कक्षामा ८ र माथी पढेर विद्यालय छोड्ने किशोर किशोरीहरुमा यो धारणा रहेको पाइयो । आफ्नै सामान्य बुझाई र आय आर्जनको आवश्यकताले उनीहरुलाई आधारभूत शिक्षा प्राप्तिमै सन्तुष्ट हुन पर्ने अवस्था पैदा गरेको छ ।

### ४.६.६ आर्थिक कारण

यस अध्ययनले विद्यालय ड्रप आउट हुनु र फेरी भर्ना नहुने निर्णय गर्नुको मुख्य कारण आर्थिक अवस्थालाई मानेको छ । प्रस्तुत केस २ ले लब्धांक पत्र लिनको लागि चाहिने रकम अभावमा, पछि भर्ना हुने भन्दै पढाईलाई निरन्तरता नदिएको पनि भेटियो । अर्को केसमा आफ्नो पढाईले परिवारलाई आर्थिक बोझ परेको महशुस गरेर पनि पुन: भर्ना प्रति खासै सकारात्मक नरहेको देखियो ।

तालिका ६: किशोर किशोरी ड्रप आउटका केसहरु

| केसहरु | सामान्य जानकारी | केसहरुको ब्याख्या |
|---|---|---|
| केस १ | विवाहको कारण १० कक्षा पछि विद्यालय छोडेकी कपिलवस्तु कि महिला | उनले १० कक्षामा अध्ययन गर्दा विवाह गरेकी थिइन् र पढाई छाडिन् । विवाहपछि पतिको घरमा घरपरिवारको काम गरिरहँदा उनीले एक शैक्षिक सत्रमा पढाईलाई निरन्तरता दिन सकिनन् । अर्को वर्ष उनी गर्भवती भईन र फेरि बच्चाको हेरचाहले अर्को सत्र भर्ना हुनबाट रोक्यो । तीन वर्षसम्म त उनी पुन: भर्ना हुन सकिनन् । |
| केस २ | आर्थिक कठिनाईको कारणले गर्दा कक्षा ८ पढ्दापढ्दै छोडेकी कपिलवस्तु कि महिला | आर्थिक कठिनाईको कारणले, उनीले लब्धांक पत्र प्राप्त गर्न सकिनन् । बिना लब्धांक पत्र माथिल्लो कक्षामा अध्ययन असमर्थ रहिन् । फेरि कुनै समयमा पुन: भर्ना हुन चाहे पनि लब्धांक पत्रले सीमित गर्नेछ । |

| | | |
|---|---|---|
| केस ३ | धादिङका सहभागी महिलाहरु भन्छन् “अध्ययन पुग्यो, अब हामी केही पैसा कमाउँछौं” | धेरै भाइबहिनी भएकोले सबैको शिक्षाको लागि खर्च पुर्याउन गाह्रो थियो । उनले उच्च माध्यमिक शिक्षा पुरा गरेपछि आमाबाबुले खर्च गर्न सक्दैनन् भन्ने बुझेर तत्काल त्यो भन्दा माथि अध्ययन नगर्ने र केही वर्ष पैसा कमाउने र पछि पढाई पूरा गर्ने निधो गरिन् । हालको शिक्षा पर्याप्त भएको प्रति उनी ढुक्क थिन् । |
| केस ४ | कापिलवस्तुको एक पुरुष जसले १० कक्षा पछि पढाईलाई निरन्तरता दिएनन् | कापिलवस्तुको एक पुरुषले १० कक्षा पछि पढाईलाई निरन्तरता दिएन र पारिवारिक व्यवसायमा संलग्न भए । व्यापार, लेनदेन र पारिवारिक व्यवसाय तथा अन्य कार्यमा सहयोगीको भूमिका निर्वाह गर्दै लगभग पाँच वर्ष बिताए । उनी काम गर्ने र स्कूल जाँदाको लागत लाभको (तथापि छोटो अवधि) गणना गरिरहेका हुन्छन् । उनी भन्छन् “जब तपाइँ कमाईमा संलग्न हुनहुन्छ, तपाइँ फेरी कक्षा कोठामा फर्कन सक्नुहुन्न” । |
| केस ५ | कक्षा ८ बाट विद्यालय छोडेका धादिङका यी पुरुष फेरी भर्ना भए पास पनि भए तर पुनः पढाई लाई निरन्तरता दिएनन् | कक्षा ८ मा हुँदा उनको बुबाको मृत्यु भयो । यस दुःखलाई भुल्न, उनी विद्यालय छोडेर काठमांडू आए र आफ्नो दाई जो गाडी ड्राइभर थिए, उनीसंग बस्न थाले । आफ्नो दाईसँग बस्दा करीब ३ वर्ष कंडक्टरको रूपमा काम गरे र पुनः गाउँ फर्के । उनले तीन वर्ष पछि पुरानै विद्यालयमा कक्षा ८ मा फेरी भर्ना गरे । तर यो समयमा उनीले अध्ययनमा खासै ध्यान केन्द्रित गर्न सकेनन् । कामको दौरान उनको जीवनशैली र रहनसहन बदलिसकेको थियो । विद्यार्थी जीवनको तुलनामा केहि पैसा कमाउन थालिसकेका थिए । अझ आफ्नो उमेर भन्दा निक्कै कलिला सहपाठीसंग पढ्न पर्ने हुनाले पनि उनीलाई लाजमर्दो बनायो । सहपाठीहरुलाई उनी ‘भूरा’ को संज्ञा दिन्थे । तथापि उनीले कक्षा ८ पढाई पुरा गरे तर त्यसपछि भने निरन्तरता दिएनन् । |

### ४.६.७ सहकर्मी प्रभाव

विद्यालय पुनः जाने बारे निर्णय गर्ने क्रममा साथीहरूको प्रभाव महत्त्वपूर्ण हुन्छ । ड्रप आउट विद्यार्थीले पुनः स्कूल जाने अथवा नजाने निर्णय गर्न विभिन्न चुनौतीहरू सामना गर्दछन् । किनकि यससंग लाज, लागत लाभ र अन्य विभिन्न जटिल समस्याहरू जोडिएको हुन्छ । जुन कुरा साथीभाईहरुलाई आफ्ना परिवारमा पोखेका हुन्छन् । अझ यस्ता कुरा बढी साथीहरुसंग र आफ्नो कक्षाका सहपाठीसंग भन्न सहज महशुस गर्छन् । कपिलवस्तु कि एक केटीले आफ्नो साथीसंग १० को परीक्षा असफल भएपछि फेरी दोर्याउने या नदोर्याउने भन्ने बिषयमा छलफल गरेकी थिईन् । आफ्नो इच्छाको बावजूद, उनका अन्य सहपाठीहरू कक्षा दोहोर्याउने कुरामा खासै सकारात्मक थिएनन् । उनले परिवारमा कक्षा दोहोर्याउने कुरा आफ्नो परिवारमा छलफल गरिनन् र आफ्नो साथीहरूको सल्लाहसंग सहमत हुँदै अध्ययन जारी गरिनन् । यसैले, फेरि विद्यालय जाने अथवा छोड्ने विषयमा सहपाठी र साथीहरुको विचारले धेरै प्रभाव पारेको हुन्छ ।

### ४.६.८ बच्चाहरूको उच्च अपेक्षा

कुनै कुनै व्यक्ति वैकल्पिक काम वा रोजगारीप्रति यति धेरै लालायित हुन्छन् कि आफ्नो पढाई छोड्ने निर्णय गर्न सक्छन् । कपिलवस्तुको एक सहभागी केटा नृत्यकला कोरियोग्राफी सिक्न आतुर थियो । विद्यालय शिक्षालाई समयको वर्वादीको मान्दथ्यो किनकि उ सोच्दथ्यो कि नृत्यमा पढाईले योगदान गर्दैन । उ नृत्य सिक्न विद्यालय छोडेर घरबाट भागेर भारत गयो ।

तर परिवारको समस्याको कारण उनी आफ्नो गाउँ फर्किए र फेरी आफ्नो एसएलसी अध्ययनलाई जारी राखे, तर अफसोश उतीर्ण भने हुन सकेनन् । असफलता पछि फेरि आफ्नो नृत्यकार बन्ने सपना पछ्याउने निर्णय गरे ।

तथापि, उनको बिरामी बुबाको कारणले र आमा एक्लैले चिया पसल हेर्न नसक्ने भएपछि परिवारले भारत फर्कन दिएन । यसले गर्दा उनी थप चिढिए र पढाई प्रति झन् नकारात्मक हुन थाले र आफ्नो बुवा आमाको पढाईको लागि गरेको आग्रह पनि मान्न छोड्यो ।

यसो हेर्दा सो केटाको नृत्यकला प्रतिको चाहना अथवा जुनुन वास्तविक नै छ । तथापि, आधार भूत शिक्षा प्राप्त गरेपछि पनि सो सपनालाई पछ्याउन सम्भव देखिन्छ । यसैले, व्यक्तिगत आकांक्षाहरू व्यवस्थित गर्न असफल रहदाँ पनि पढ्दापढ्दै छोड्ने वा बाँकी अध्ययन पुरा गर्न पुनः विद्यालय भर्ना नहुने कुरा बढ्दै जाने रहेछ ।

### ४.६.९ शिक्षाको सीमित सम्भावना तथा नौकरीसंग मात्र जोड्ने प्रबृत्ति

विद्यालय छोड्ने र पुनः नजाने निर्णयलाई शिक्षाको सीमित बुझाई र नोकरीकोसंग जोड्ने मनोवृतिले बिशेष प्रभाव पार्ने कुरा यस अध्ययनले प्रस्फुटन गर्ने प्रयत्न गरेको छ। धेरै ड्रप आउटहरू तत्कालको समयमा शिक्षाको कुनै आवस्यकता देख्दैनन् । केहि भन्छन् समय बिताउने मेलो मात्रै हो । अरूहरू भने शिक्षामा लागनी गर्ने निर्णयलाई नेपालको सन्दर्भमा खराब प्रतिफल र गलत निर्णयको रूपमा ब्याख्या गर्छन् ।

यस मामलामा कपिलवस्तुको ड्रप आउट केटाले यसो भने, “पाँच वर्ष पैसा र समय खर्च गरेर पढ्दा पनि नोकरी पाउनु भएनभने के फाईदा ? यहाँ कुनै प्लेटफर्म छैन । पढेर पनि सोंचे जस्तो जागिर नपाएर पुरानै सानो परिवारिक व्यवसायमा फर्किनु पर्यो भने पढेको के फाईदा। यदि जागिर पाईएन भने पढाई हुँदा पनि शून्यवाट व्यवसाय सुरु गर्नु पर्छ जो आँफैमा कठिन छ । जब सम्म बेरोजगारी कम हुदैन, ड्रप आउट समस्या कम हुनेछैन । प्रत्येक अध्ययनको पूर्णतालाई प्रतिफल संग हेरिन्छ । यदि तपाईंले प्रतिफल प्राप्त गर्नु भएको छैन भने, यो अध्ययन बेकार छ” ।

जब शिक्षाले नोकरी दिन्छ तब यो मूल्यवान मानिन्छ । देशको बेरोजगारीको स्थितिले यो धारणालाई अझ बढाउन मद्धत गर्छ । नेपालमा रोजगारी बजार सीमित छ र शिक्षाको उद्देश्यपूर्ण प्राप्ति भनेको सिधै रोजगारी प्राप्त गर्नुको लागी मात्र हेर्नु भनेको एक संकीर्ण दृष्टिकोण हो । शिक्षाले विद्यार्थीहरूको तर्क क्षमतामा विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने र आफु हुर्केको समाजको सामाजिक आर्थिक ढाँचामा उपयोगी प्रश्न गर्न सक्ने बनाउने कुरालाई उपलब्धिको रुपमा लिएका हुदैनन् । यस्ता विस्तृत चित्रहरू नजरअन्दाज गर्दा संकीर्ण दृष्टिकोण पैदा हुने र ड्रप आउटको संख्या निरन्तर बढ्दै जाने देखिन्छ ।

### ४.६.१० सीमित भौतिक पूर्वाधार

सीमित शैक्षिक पूर्वाधारलाई पनि ड्रप आउटहरूको पुनः विद्यालय जान रोक्ने महत्वपूर्ण कारकको रुपमा लिन सकिन्छ । बिशेषत उच्च विद्यालयहरूको संख्या सीमित मात्र छैन कि तिनीहरूले गुणस्तरीय शिक्षा प्रदान गर्नेमा पनि प्रश्न छ। अझ नगरपालिकामा पर्याप्त होस्टलहरू नहुँदा टाढा टाढा गाँउबाट आउने विद्यार्थीहरूको विद्यालय माथिको पहुँचमा गम्भीर प्रश्न खडा गर्छ। सामान्यतया, जो अस्थाई रुपमा भएपनि बसाई सराई गर्न सक्दैनन् भने उनीहरुको विद्यालय र क्याम्पसमा कमै पहुँच हुन्छ। केहि अवरोध भने सामाजिक पनि छन् जस्तो कि कपिलवस्तुमा साईकल प्रयोग गर्यो भने आधा घण्टामा विद्यालय पुगिन्छ तर पनि साथी नभएको कारणले किशोरी महिलाहरु विद्यालय जानवाट बन्चित हुनु पर्छ।

### ४.६.११ परिवारमा भाइबहिनीहरूको संख्या

परिवारमा धेरै भाइबहिनीले हुनाले कसरी कुनै व्यक्ति शिक्षाको अवसरबाट बन्चित हुनु पर्छ भन्ने कुरा रोचक छ। धेरै भाइबहिनीहरू हुँदा सबैलाई विद्यालय पठाउनु पर्ने कारणले परिवारमा बढी आर्थिक बोझ रहन्छ। धादिंङ कि एक महिलाले आमाबाबुले भनेको कुरा हामीलाइ सुनाइन् "तिमीले मात्र पढ्ने भन्ने ठिक होइन, तिम्रो भाई वहिनीले पनि अवसर पाउनु पर्छ"। त्यसैले कम परिवार सदस्यले मात्रै काम गर्ने र धेरै विद्यालय जाने हुँदा पनि यस्तो समस्या देखिन्छ। यस्तो अवस्थामा जेठो सन्तानले आफ्नो पढाई छाडेर कामको खोजी गर्नु पर्ने वाध्यता पर्दछ।

### ४.६.१२ गैर जिम्मेवार घरमुली र अस्तव्यस्त घर

विद्यालय छोड्ने र पुनः जाने निर्णयमा उनीहरूको परिवारको पाको सदस्यले पनि प्रभाव पारेको हुन्छ। पारिवारिक अवस्था बिग्रिएको छ र आमाबाबु पनि शिक्षाले दिने फाइदा बारे खासै महत्व नदिने खाले छन् भने विद्यार्थीहरूले फेरी विद्यालय जानको लागि प्रोत्साहन पाउँदैनन्। घरमा यदि जाँड रक्सी खाने अथवा बिरामी वृद्ध आमाबाबु छन् भने पनि उनीहरूको परिवारमा आर्थिक सहायताको लागि काम खोज्न बाध्य हुन्छन् र अध्ययनलाई निरन्तरता दिन असमर्थ हुन्छन्।

## ४.६.७ अनौपचारिक शिक्षा र प्रशिक्षण

तालिका ७ प्राप्त गरेका अनौपचारिक शिक्षाको विभिन्न प्रकार

| अनौपचारिक शिक्षा | |
|---|---|
| सिलाई | लेखा पालन |
| ड्राइभिङ | साधारण कम्प्युटर तालिम |
| ब्यूटी पार्लर | डकर्मी |
| मोबाइल मर्मत | |

केही मुट्ठीभर सहभागीहरूले मात्रै आफ्नो क्षमता अभिवृद्धिका लागि अनौपचारिक शिक्षा र तालिम प्राप्त गरेका थिए (तालिका ७ हेर्नुहोस)। प्रशिक्षण लिएको मध्य, केवल ब्यूटी पार्लर, डकर्मी र गाडी चलाउने तालिम वालाहरुले मात्र सोंचे अनुरुप सोहि पेशाबाट आयआर्जन गर्दै थिए। तिनीहरूले सिकेका अन्य कलाहरू घरपरिवारका उद्देश्यहरूमा सीमित थिए। अन्य तालिम भने खासै काम लागेनन् र केहि घर-घरायसी काममा मात्र प्रयोग भएको पाईयो।

# ५. निष्कर्ष

यस अध्ययनले ड्रप आउटहरुको जुन विभिन्न परिस्थिति  छ, त्यस्ता विषय खोज्ने र उनीहरुको धारणा बुझ्ने प्रयत्न गरेको छ । यसले ड्रप आउटहरु कहाँ समय बिताउछन् र त्यसपछि के गर्छन् भन्ने विषयमा राम्रोसंग बुझ्ने प्रयास गरेको छ । साथै उनीहरुको पुनः विद्यालय जाने तथा एकदमै कम विद्यालय भर्ना हुने प्रति उनीहरुको भित्रि दृष्टिकोण खोज्ने प्रयत्न गर्दछ । अझ यस अध्ययनले संरचनात्मक र व्यक्तिगत कारणहरु पनि खोजेको छ जसले पुनः विद्यालय फर्किन बाधा पुर्‍याउँछ । यस अध्ययनले विद्यालय पुनः फर्किने निर्णय कति जटिल छ भन्ने कुरालाई गहिरोसंग खोतल्ने प्रयास गरेको छ । जसलेगर्दा उनीहरुको शिक्षामा कसरी पहुँच बढाउन सकिन्छ भन्ने कुरालााई राम्रो तरिकाले केलाउन र भविष्यमा हुन सक्ने ड्रप आउटलाई पनि सही ढंगले न्यूनीकरण गर्न मद्धत मिल्दछ ।

ड्रप आउटको हुनेहरुको दैनिक दिनचर्या हेर्दा, बहुसंख्यक सहभागी कुनै पनि आकर्षक क्षेत्रहरुमा काम गरेको देखिदैन । कपिलवस्तुका महिलाहरू सम्पूर्ण रुपमा घरपरिवारमा र चुलोचौकोमा समय खर्च गरिरहेका छन् । अध्ययन गरेको दुवै जिल्लाका पुरुषहरु भने सहयोगी भूमिकामा काम गर्दैछन् त कैले छोटो र अस्थाई प्रकारका काममा समय बिताउछन् । अझ रोचक कुरा त उनीहरु त्यसै काम नै नगरी बसेको पनि पाईयो । धादिङका सहभागी महिलाहरु भने आय आर्जनका केहि उत्पादक कार्यमा संलग्न छन् । यद्यपि यस्ता काम साधारण र कम कौशलका भएपनि अन्य पुरुष र महिलाहरुको तुलनामा यसले आफ्नो भविष्य निर्माणको लागि सहयोगी भूमिका खेलेको छ ।

किशोर किशोरीहरु ड्रप आउट हुनाले जीवनको लक्ष्य र अन्य धेरै अवसरबाट बिमुख भएका छन् । तथापि धेरै कमले मात्रै फेरी विद्यालय भर्ना हुन पहल गरेका छन् । धेरै कारण मध्य मुख्यतः तीन कारणले फेरी विद्यालय जान रोकेको देखिन्छ ।

पहिलो त उनीहरुको शिक्षा प्रति हेर्ने नकारात्मक दृष्टिकोण नै हो । त्यसैले उनीहरुको शिक्षालाई हेर्ने धारणा तथा पुनः भर्नाको बिषय एक अर्कामा जोडिएको छ । हालको प्राप्त शिक्षा अथवा उच्च शिक्षाको उपयोगिताको बिषयमा उनीहरु अलि फरक धारणा राख्छन् । राम्रो कामको अभाव र नेपालको बेरोजगारीले उनीहरुको धारणालाई थप मलजल गरेको छ । यस अध्ययनले के पनि देखाउछ भने ड्रप आउटहरुले शिक्षाको उपयोगितालाई जागिर र रोजगारीसंग मात्र जोडेर हेर्ने गरेका छन् । शिक्षाको बहुआयामिक उपयोगितालाई नजरअदांज गर्दा यसले जिवनमा कसरी सकारात्मक रुपमा सहयोग गर्न सक्छ भन्ने कुरा गौण भएको छ । अर्को शब्दमा भन्ने हो भने वर्तमान शिक्षाले उनीहरुको ब्यवहारिक जिवनलाई सहज र समृद्ध बनाउन असमर्थ भएको छ । दोस्रो, सामाजिक र संरचनात्मक कारणले कपिलवस्तु जिल्लाका

महिलाहरुलाई अलि बढी असर गरेको छ। राम्रो पढ्ने, उतीर्ण विद्यार्थी र आर्थिक अवस्था राम्रो भएकाहरु पनि पढाईलाई निरन्तरता दिने अवस्थामा छैनन्। बिशेषत त्यहा रहेको सामाजिक संकीर्णताले महिलालाई खुल्ला हिडडुलमा निरुत्साहित गरिरहेको छ । अर्को भनेको उनीहरु आँफै फेरी पढ्न जान लाज मान्नु पनि हो ।

यस बाहेक पनि परिवारको आर्थिक स्थिरता, सहपाठी र साथीहरुको प्रभाव, भौतिक संरचना तथा परिवारिक अस्तव्यस्तता पनि सहायक कारकको रुपमा लिन सकिन्छ। यस अध्ययनबाट विद्यार्थीहरु एकपटक ड्रप आउट भएपछि फेरी विद्यालयमा भर्ना हुन र पढाईलाई निरन्तरता दिन निक्कै कठिन रहेछ देखिन्छ। अनौपचारिक शिक्षा र व्यवसायिक तालिमले ज्ञान र जीवन कौशलको खाडललाई पूर्ति गर्न मद्धत गर्छ र यसलाई प्रभावकारी समाधानको रुपमा लिन सकिन्छ। यद्यपि, यस कुरालाई पनि भुल्न हुन्नकि हाम्रा सबै सहभागीहरु साधारण लेखपढ गर्न सक्ने र न्यूनतम औपचारिक शिक्षा लिएकाहरु थिए ।

# ६. प्रभाव र सिफारिस

उनीहरूको दैनिक जिवनलाई हेर्दा यो भन्न सकिन्छ कि विद्यालय छाडेपछि गरेका कार्यहरु खासै उत्पादक छैनन् । यस वाहेक, ड्रप आउटको कारणले राम्रो रोजगारीको अवसर बाट बन्चित हुनु परेको छ । तर ड्रप आउट विद्यार्थीको विचारमा यदि पहिलेनै हालको काममा मेहनत गरेर लागेको भए हाल उनीहरूले राम्रो प्रगति गर्न सक्थे भन्ने छ । अध्ययन गर्दा बितेको समयलाई उनीहरु गलत निर्णयको संज्ञा दिन्छन् । यसो हेर्दा विद्यालय छोड्दाको छोटो समयमानै केही आय आर्जन भयो, तथापि यो निर्णय कालान्तरमा महंगो सावित हुने देखिन्छ । यसैले, भविष्यका अवसरहरुलाई प्रभाव पार्ने कुरा ड्रप आउट वा सम्भावित ड्रापआउट हुनेहरूमा दिनु जरुरी छ ।

शिक्षाको लागि नकारात्मक मनोवृत्ति हटाउने र विद्यार्थीहरूलाई उनीहरूको अध्ययनको महत्व बुझाउनु अपरिहार्य आवश्यक छ । ड्रप आउट हुनुको खराब प्रभाव खासै नबुझेको र शिक्षाले जिवनमा थप्न सक्ने अवसरको पहिचान नगरेको प्रतीत हुन्छ, । जबसम्म शिक्षा प्रति सकारात्मक दृष्टिकोण पैदा गर्न सकिन्न, विद्यालय छोडेकालाई पुनः विद्यालय फर्काउने सम्भावना कम देखिन्छ । यस्ता व्यक्तिहरु (जो सैद्धांतिक शिक्षा जारी राख्न चाहँदैनन्) व्यावसायिक शिक्षा लिन चाहेको पनि हुनसक्ने कुरा विचार गर्नुपर्छ । जसले गर्दा तिनीहरू आफ्नो जीविकोपार्जनको विकल्पहरु छनौट गर्न सक्छन् ।

उनीहरुले शिक्षाको उपयोगिता विश्लेषण केवल दीर्घकालिन रोजगारीसंग जोडेकोले यो दृष्टिकोणलाई परिवर्तन गर्न अत्यन्तै जरुरी छ । त्यसका साथै पुनः विद्यालय फर्कनेहरुलाई शिक्षाको व्यावहारिक आवस्यकता र यसको बहुआयामिक उपयोगिता पनि बुझाउनु अपरिहार्य छ । अध्ययनले कसरी ब्यक्तित्व विकास गर्छ भन्ने कुराको जनचेतना वृद्धि गरेर पनि पुनः विद्यालयमा जान प्रति सकारात्मक धारणा बनाउन सहयोग गर्नुपर्ने देखिन्छ ।

अन्य कार्यमा जस्तै आर्थिक अवस्थाले ड्रप आउट हुनुमा र पुनः विद्यालय फर्किन नसक्नुमा पनि राम्रै भूमिका खेलेको हुन्छ । यद्यपि यो नै प्रमुख कारक तत्व भने होइन । परम्परागत लैंगिक विभेद र हाम्रा सामिजिक मूल्य मान्यताले पनि प्रभाव पारेको हुन्छ । त्यसैले कुनै पनि न्यूनीकरणको योजना बनाउदा यस्ता सामाजिक कारणलाई केन्द्र बिन्दुमा राख्न जरुरी छ । बिशेषगरि तराईको महिला हकमा अझ संबेदनशील हुनु पर्ने आवश्यकता छ ।

महिलाहरु जो अध्ययन गरेर रोजगार छन्, उनीहरुलाई नमुना पात्रको रुपमा अघि बढाउनुपर्छ जसले अन्य महिलाहरुमा उर्जा प्रधान गर्न सहयोग गर्छ । ड्रप आउट महिलाहरुले प्रायजसो आफुलाई आफना समकालीन साथी र शिक्षित व्यक्तिहरुसंग तुलना गरेको पाइन्छ । यस्तो

अवस्थामा उनीहरुको सोंच परिवर्तन गर्न राम्रो प्रगति गरेका नमुना पात्र महिलाहरुसंग अन्तरक्रिया गर्ने कार्यहरु पनि संचालन गर्नुपर्छ ।

ड्रप आउट हुनु र पुन विद्यालय जान नसक्ने निर्णय व्यक्तिगत कारण मात्र नभएर उनीहरुका परिवारिक परिवेशसंग जोडिएको हुन्छ जसले उनीहरुका निर्णय प्रक्रियामा असर पारेको हुन्छ । त्यसैले परिवारको गुनासो र उनीहरुको धारणा पनि बुझेर मात्रै विद्यालय पुनः फर्काउने कार्यक्रमको रणनीति तय गर्नुपर्छ ।

विद्यार्थीहरुलाइ आफुले पढाई छोड्दा कस्तो खाले असर पर्छ र फेरी पुनः विद्यालय जान कति कठिन हुन्छ भन्ने कुराको पूर्ण जानकारी दिन आवश्यक छ । त्यस्तै उनीहरुको ब्यक्तित्व विकासमा के कुराले सबैभन्दा राम्रो प्राभाव पार्न सक्छ सोको लागि प्रोत्साहित गर्नु पर्छ । उनीहरुको भविष्यको योजना बुन्ने कुरामा परिवारको विचार पनि लिनु राम्रो हो तर विचारनै थोपर्न भने दिनु हुदैन ।

यस अध्ययनले एकचोटी विद्यालय छोडेकाहरुले पुनः विद्यालय जाने भन्ने कुरा कति कठिन छ भन्ने कुरा छलङ्गसंग देखाएको छ । त्यसैले पनि विद्यालयनै कसरी नछोड्ने भन्ने कुरालाई प्राथमिकतामा राखेर रणनीति बनाउनुपर्ने पर्ने हुन्छ । यस समस्यालाई दीर्घकालीन ढंगले समाधान गर्ने हो भने यो नै प्रभावकारी र अब्वल अवधारणा हो ।

विद्यालय छोडिसकेका र पुनः जान लाज मान्ने तथा लामो समयको अन्तर भएका व्यक्तिहरुको लागि अनौपचारिक शिक्षा र व्यवसायिक तालिम प्रभावकारी माध्यम हुनसक्छ ।

विधार्थीहरुमा शिक्षा प्रति नकारात्मक धारणा विकास, राज्यस्तरका संरचनात्मक कमि कमजोरी जस्तै बेरोजगारी, पूर्वाधारमा कमि, फितलो सुशासन र स्थानीय स्तरमा शिक्षाप्रति साँगुरो बुझाई, ग्रामिण स्तरमा कम सम्भावना र लैङ्गिक विभेद जस्ता कारणले प्रमुख भूमिका खेलेको हुन्छ । यस अध्ययनले सम्पूर्ण यस्ता समस्याहरु कसरी हल गर्न सकिन्छ भन्ने कुराको स्पष्ट खाका नदिएपनि हाम्रो विकासका प्रयासले विद्यार्थीहरुलाई कसरी प्रोत्साहित गर्न सकिन्छ भन्ने बिषय र शिक्षामा पहुँच विस्तारको महत्वलाई पेचिलो ढंगले उजगार गरेको छ ।

विद्यालयसंग समन्वयमा थप व्यवहारिक अनि अतिरिक्त गतिविधिहरु राख्दा उनीहरुलाई पुनः विद्यालय फर्काउन पनि सकिन्छ । अझ किशोर किशोरीहरुले पढ्ने र कमाउने वातावरण संगसंगै बनाउन सके उनीहरुको काम गर्नुपर्ने बाध्यताको कारण पढाई छोड्ने कुरालाई न्यूनीकरण गर्न सकिन्छ र सम्भावित छोड्न सक्ने विधार्थीलाई पनि निरन्तर पढाईमा लाग्न प्रोत्साहन मिल्नेछ ।

# ७. सन्दर्भ सामाग्रीहरू

Arthur, S., & Nazroo, J. (2003). Designing fieldwork strategies and materials. Qualitative research practice: A guide for social science students and researchers, 1, 109-137.

Central Bureau of Statistics (CBS) [Nepal] & UNICEF (2015). Nepal Multiple Indicator Cluster Survey 2014. Available from: http://unicef.org.np/uploads/files/1292493992286457-nepal-mics-kfr-tables-report15-final-27-may-2015.pdf.

Fusch, P. I., & Ness, L. R. (2015). Are we there yet? Data saturation in qualitative research. The Qualitative Report, 20(9), 1408.

Hunt, F. (2008). Dropping out from school: A cross country review of literature (Research Monograph No. 16). East Sussex, England: University of Sussex. Center for international education.

Marshall, M. N. (1996). Sampling for qualitative research. Family practice, 13(6), 522-526.

Ministry of Education, United Nations Children's Fund (UNICEF) & United Nations Educational, Scientific and Cultural Organization (UNESCO). (2016). Global initiative on out of school children – Nepal country study. Kathmandu: Authors.

Ministry of Health and Population (MoHP) [Nepal] (2012). Nepal Adolescents and Youth Survey 2010/11. Kathmandu, Nepal: Author

Ritchie, J., Lewis, J., & Elam, G. (2003). Designing and selecting samples. A guide for social science students and researchers (pp. 77–109).

Stake, R. E. (2013). Multiple case study analysis. Guilford Press.